# SWABALAMBAN LAGHUBITTA BIKAS BANK LTD.

Central office, Kathmandu

# UNAUDITED FINANCIAL RESULTS

## As at 2nd Quarter (2073/09/29) of Fiscal Year 2073/74

Figs. In NPR ('000)

| S.N. | Particulars | This Quarter Ending (Poush end 2073) | Previous Quarter Ending (Asoj end 2073) | Corresponding Previous Year Quarter ending (Poush end 2072) |
|---|---|---|---|---|
| **1** | **Total Capital and Liabilities** | **8,722,938** | **8,201,033** | **6,881,510** |
| 1.1 | Paid Up Capital | 418,589 | 312,380 | 312,380 |
| 1.2 | Reserve and Surplus | 612,847 | 747,538 | 479,612 |
| 1.3 | Debenture and Bond | - | - | - |
| 1.4 | Borrowings | 3,466,329 | 3,151,718 | 3,024,401 |
| 1.5 | Deposit (a+b) | 3,572,470 | 3,236,338 | 2,569,953 |
| | a. Domestic Currency | 3,572,470 | 3,236,338 | 2,569,953 |
| | b. Foreign Currency | - | - | - |
| 1.6 | Income Tax Liability | - | - | - |
| 1.7 | Other Liabilities | 652,703 | 703,059 | 495,164 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **8,722,938** | **8,201,033** | **6,881,510** |
| 2.1 | Cash and Bank Balance | 60,401 | 75,624 | 62,013 |
| 2.2 | Money at Call and Short Notice | 849,701 | 550,071 | 800,264 |
| 2.3 | Investments | 296,432 | 296,887 | 248,077 |
| 2.4 | Loans and Advances | 7,061,023 | 6,835,880 | 5,432,527 |
| 2.5 | Fixed Assets | 40,862 | 43,280 | 27,356 |
| 2.6 | Non Banking Assets. | - | - | - |
| 2.7 | Other Assets | 414,518 | 399,290 | 311,272 |
| **3** | **Profit and Loss Account** | **Up to This Quarter** | **Upto Previous Quarter** | **Up to Corresponding Previous Year Quarter** |
| 3.1 | Interest Income | 687,215 | 324,800 | 560,431 |
| 3.2 | Interest Expense | 200,788 | 95,169 | 150,075 |
| **A. Net Interest Income(3.1-3.2)** | | **486,427** | **229,631** | **410,356** |
| 3.3 | Fees, Commision and Discount | 502 | 262 | 59 |
| 3.4 | Other Operating Income | 6,259 | 3,281 | 3,889 |
| 3.5 | Foreign Exchange Gain/Loss(Net) | - | - | - |
| **B.Total Operating Income** | | **493,188** | **233,174** | **414,304** |
| 3.6 | Staff Expenses | 221,048 | 98,641 | 171,429 |
| 3.7 | Other Operating Expenses | 42,887 | 21,836 | 32,216 |
| **C. Profit Before Provision** | | **229,253** | **112,697** | **210,659** |
| 3.8 | Provision for Possible Losses | 6,463 | 2,254 | 13,248 |
| **D. Operating Profit(C-3.8)** | | **222,790** | **110,443** | **197,411** |
| 3.9 | Non Operating Income/Expenses(Net) | - | - | - |
| 3.10 | Write back of Provision for Posssible Loss | - | - | - |
| **E. Profit from Regular Activities** | | **222,790** | **110,443** | **197,411** |
| 3.11 | Extraordinary Income/Expenses(Net) | - | - | |
| **F. Profit before Bonus and Taxes** | | **222,790** | **110,443** | **197,411** |
| 3.12 | Provision for Staff Bonus | 20,254 | 10,028 | 17,946 |
| 3.13 | Provision for Tax | 60,761 | 30,085 | 53,838 |
| **G. Net Profit/Loss(F-3.12-3.13)** | | **141,775** | **70,330** | **125,627** |
| **4** | **Ratios** | **At the End of This Quarter** | **At the End of Previous Quarter** | **At the End of Corresponding Previous Year Quarter** |
| 4.1 | Capital Fund to RWA | 11.70% | 13.40% | 12.01% |
| 4.2 | Non Performing Loan (NPL) To Total Loan | 0.87% | 0.87% | 2.02% |
| 4.3 | Total Loan Loss Provision to Total NPL | 176% | 175% | 92% |
| 4.4 | Cost of Funds | 6.07% | 6.02% | 5.62% |
| 4.5 | Credit to Deposit Ratio (Calculated as per NRB Directives) | 201% | 211% | 211% |

# धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ को अनुसूची – १४(नियम २२ को उपनियम (२) सँग सम्बन्धित) आ.व. २०७३/७४ को दोस्रो त्रैमासिक विवरण

१) **वित्तीय विवरण:**

क) बैंकको दोश्रो त्रैमासिक अवधिसम्मको वासलात तथा नाफा नोक्सान हिसाब सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ ।

ख) प्रमुख वित्तीय अनुपातहरु:

| प्रति सेयर आम्दानी | (मूल्य आम्दानी अनुपात) P/E ratio | प्रति सेयर नेटवर्थ | प्रति सेयर कूल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| ६७.७४ | १८.९० | २४६.० | २,०८४ | २५% |

२) **व्यवस्थापकिय विश्लेषण:**

(क) यस त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण : कारोवारको बृद्धिसँगै बैंकको मौज्दात, तरलता र आम्दानीको बृद्धि सन्तोषजनक रहेको छ ।

(ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण : राष्ट्रिय स्तरको यस लघुवित्त विकास बैंकले आ.व. २०७३/७४ सम्ममा देशका ५० जिल्लाका विभिन्न स्थानहरुमा १२ वटा इलाका कार्यालयहरु र ११६ वटा शाखा/उपशाखा कार्यालयहरु मार्फत कुल २ लाख १९ हजार ८ सय ३० विपन्न परिवारमा लघुवित्त सेवा पुऱ्याउने लक्ष्य रहेकोमा यस समिक्षा अवधिको अन्तमा कुल २ लाख १२ हजार ४३ विपन्न घर परिवारमा लघुवित्त सेवा पुऱ्याइसकेको छ । यस आ.ब.को अन्तमा लगानीमा रहिरहेको रकम रु ८ अर्ब ३ करोड पुऱ्याउने लक्ष्य रहेकोमा यस अवधि सम्ममा कर्जाको गुणस्तर कायम गर्दै लगानीमा रहिरहेको कर्जा रु. ७ अर्ब १७ करोड पुऱ्याइसकेको छ । त्यस्तै गरि यस आ.व.मा रु.३ अर्ब ९५ करोड बचत परिचालन गर्ने लक्ष्य रहेकोमा यस अवधि सम्ममा रु ३ अर्ब ५७ करोड सदस्यहरुले बचत गरिसकेको छ।

(ग) आगामी दिनमा कार्यक्रम विस्तार गर्दा लघुवित्त सेवाको पहुँच कम भएका क्षेत्रहरुलाई बिशेष प्राथमिकता दिइने छ ।

(घ) समावेशी वित्तीय सेवालाई अझ प्रभावकारी बनाउने हेतु बैंकद्वारा प्रदान गरिने सेवाहरुलाई विविधिकरण गर्दै भविष्यमा राष्ट्रिय तथा अन्तराष्ट्रिय बिप्रेषण (रेमिट्यान्स) सेवा अझ विस्तार गरिंदै लगिने छ ।

(ङ) आर्थिक अवस्था र व्यवस्थित आन्तरिक नियन्त्रण प्रणालीको आधारमा बैंकले आफ्नो सेवालाई ग्राहकमुखी बनाउँदै मुलुकको एक नेतृत्वदायी लघुवित्त संस्थाको रुपमा स्थापित हुने लक्ष्य लिएको छ ।

(च) विगतको अनुभववाट बैंकको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना वा अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण : देशमा बढ्दै गरेको लघुवित्त संस्थाहरु बीचको अस्वस्थ प्रतिस्पर्धा, र सदस्यहरुको दोहोरोपना आदि कारणवाट बैंकलाई नकारात्मक प्रभाव पर्न सक्ने महसुस भएकोले सो को उचित व्यवस्थापन गरिँदै आएको छ ।

३) **कानुनी कारवाही सम्बन्धी विवरण:**

(क) समिक्षा अवधिमा बैंकले कसैको बिरुद्धमा मुद्दा दायर गरेको छैन र बैकको बिरुद्धमा कसैले मुद्दा दायर गरेको सूचना प्राप्त भएको छैन ।

(ख) बैंकका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको बिरुद्दमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

४) **संगठित संस्थाको सेयर कारोवार सम्बन्धी विश्लेषण:**

(क) धितोपत्र बजारमा भएको यस संस्थाको सेयरको कारोबारमा समय समयमा उतार चढाव देखिएता पनि कारोवारको अवस्था भने संतोषजनक रहेको छ ।

(ख) नेपाल स्टक एक्स्चेन्ज लि.को वेभसाईट www.nepalstock.com.np अनुसार समिक्षा अवधिमा बैंकको सेयरको कारोबार निम्नानुसार रहेको पाइएको छ ।

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार भएको कूल दिन | कारोबार संख्या |
|---|---|---|---|---|
| रु.२,७००/- | रु.१,१७८/- | रु.१,२८०/- | ५६ | १,२४२ |

५) **समस्या तथा चुनौती:**

देशमा विद्यमान राजनैतिक तथा आर्थिक वातावरण, व्यवसायिक मन्दी, बढ्दै गैरहेको लघुवित्त संस्थाहरुको संख्या संगै लघुवित्त कार्यक्रम र यसका सदस्यहरुको बढ्दो दोहोरोपना र कर्मचारीहरुको ड्रपआउट आदिलाई बैंकले समस्या तथा चुनौतिका रुपमा लिएको छ । बैंकमा रहेको जनशक्तिको उचित व्यवस्थापन, तालिम र समयानुकुल व्यवसायिक रणनीति अपनाई बैंकले प्रदान गर्ने सेवामा विविधिकरण गर्दै खर्चमा मितव्ययीता अपनाईने छ ।

६) **संस्थागत सुशासन:**

नेपाल राष्ट्र बैंकवाट संस्थागत सुशासन अभिबृद्धिका लागि जारी गरिएका निर्देशनहरुको साथै बैंक तथा बित्तीय संस्था सम्बन्धि ऐन २०६३, कम्पनी ऐन २०६३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितो पत्र ऐन २०६३ लगायत अन्य ऐन नियमहरुको पालना गरिनुका साथै बैंकबाट प्रबन्ध पत्र, नियमावली, कर्मचारी सेवा बिनियमावली, आर्थिक प्रशासन बिनियमावली, कर्जा अपलेखन बिनियमावली, आन्तरिक लेखापरिक्षण निर्देशिका, बचत तथा कर्जा व्यवस्थापन निर्देशिका, सूचना प्रविधि नीर्देशिका, सम्पति तथा दायित्व व्यवस्थापन नीति, लगानी नीति, कर्जा नीति बनाई लागू गरिएको छ । व्यवस्थापनको साथै आन्तरिक नियन्त्रण प्रणालीलाई अझ सुदृढ गर्न लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति र कर्मचारी सेवा सुबिधा समितिले सक्रिय रुपले कार्य गरिरहेका छन् ।

७) **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण:**

यस प्रतिवेदनमा उल्लेखित भएको जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै, म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित गर्न तथा निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

८. **नियम २२ को उपनियम (५) संग सम्बन्धित विशेष घटना वा परिस्थिति सम्बन्धी विवरण:** छैन ।